# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, कात्तिक २४ गते २०४३ साल (अतिरिक्ताङ्क ३१

## भाग २

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेववाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४३ सालको ऐन नं. ११

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

विकेन्द्रीकरण ऐन, २०३९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: विकेन्द्रीकरण ऐन, २०३९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "विकेन्द्रीकरण (दोश्रो संशोधन) ऐन, २०४३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. विकेन्द्रीकरण ऐन, २०३९ मा दफा ११क. थपः विकेन्द्रीकरण ऐन, २०३९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ११ पछि देहायको दफा ११क. थपिएको छः–

"११क. जिल्ला विकास योजनाको निर्धारणः (१) जिल्ला विकास योजनाको स्वीकृतिको निमित्त जिल्ला पञ्चायतले समयमै जिल्ला सभाको बैठक बोलाउनु पर्नेछ । जिल्ला पञ्चायतले त्यसरी जिल्ला सभाको बैठक नबोलाएमा सम्बन्धित निकायले जिल्ला सभाको बैठक बोलाउन जिल्ला पञ्चायतलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यसरी दिइएको निर्देशनबमोजिम पनि जिल्ला सभाको बैठक हुन नसकेमा विगत वर्षमा जिल्ला सभाबाट पारित भएको योजनालाई मुख्य आधार मानी सम्बन्धित निकायले जिल्ला विकास योजना तर्जुमा गर्न सक्नेछ ।

(२) जिल्ला सभाले पारित गरेको जिल्ला विकास योजनामा बजेट सीमा नाघेको भएमा वा दफा ८ को उपदफा (३) विपरित भई आएमा सम्बन्धित निकायले बजेट सीमा नाघेकोमा बजेट सीमाभित्र पर्ने गरी र दफा ८ को उपदफा (३) विपरित भई आएकोमा क्षेत्र (सेक्टर) को निमित्त तोकिदिएको नीतिअनुरूप हुने गरी जिल्ला विकास योजना निर्धारण गर्न सक्नेछ ।"

३. मूल ऐनको दफा २६ मा संशोधनः मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः–

"२६. स्थानीय पञ्चायतको लेखा परीक्षणः (१) प्रत्येक वर्ष स्थानीय पञ्चायतको आय र व्ययको लेखा परीक्षण गरिनेछ ।



३८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नगर पञ्चायत र जिल्ला पञ्चायतले आफ्नो सम्पूर्ण आय-व्ययको आन्तरिक लेखा परीक्षण प्रत्येक तीन तीन महीनामा गरिराख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आन्तरिक लेखा परीक्षण गराउन सम्बन्धित पञ्चायतले आन्तरिक लेखा परीक्षकको व्यवस्था गरी आफ्नो सचिवालय वा कार्यालयमा लेखा परीक्षण शाखाको स्थापना गर्न सक्नेछ ।

(४) गाउँ पञ्चायत, नगर पञ्चायत र जिल्ला पञ्चायतको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकले तोकेको व्यक्तिले गर्नेछ ।

(५) जिल्ला पञ्चायत, नगर पञ्चायत र गाउँ पञ्चायत प्रत्येकले आर्थिक वर्ष समाप्त भएको ३ महीनाभित्र आर्थिक विवरण तयार गरी लेखा परीक्षण गर्ने व्यक्तिलाई दिनु पर्नेछ । त्यसरी विवरण दिनु पर्ने दायित्व सम्बन्धित पञ्चायतको सभापति वा प्रधान पञ्च र सचिव वा प्रधान अधिकृतको हुनेछ ।

(६) उपदफा (५) बमोजिम आर्थिक विवरण दिनु पर्ने नदिएमा त्यस्तो दायित्व हुने व्यक्तिलाई दफा २७ को उपदफा (४) मा उल्लेखित पदाधिकारीले मनासिबमाफिकको कारबाई गर्न सक्नेछ ।"

४. मूल ऐनको दफा २७ मा संशोधनः मूल ऐनको दफा २७ को,–

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) स्थानीय पञ्चायतको लेखा परीक्षण गर्ने व्यक्तिले लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनको एक प्रति महालेखा परीक्षकको विभागमा र अर्को प्रति सम्बन्धित पञ्चायतमा दिनु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः–

"(१क) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा महालेखा परीक्षकले प्रतिवेदन तयार गरी श्री ५ महाराजाधिराजका जुनाफमा चढाउनेछ । सो प्रतिवेदन श्री ५ बाट सम्बन्धित मन्त्रालयमा पठाइबक्सेमा मन्त्रालयले सम्बन्धित अंश सम्बन्धित पञ्चायतमा पठाउनेछ ।"

(३) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) उपदफा (१) बमोजिमको लेखा परीक्षण गर्ने व्यक्तिको प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनमा उल्लेख भएको बेरूजु मध्ये कुनै रकम तत्कालै असुल-उपर नगरेमा सम्बन्धित व्यक्तिबाट पछि असुल-उपर हुन नसक्ने देखिएमा त्यस्तो रकमको हकमा उपदफा (४) बमोजिम गर्न सम्बन्धित पञ्चायतले सम्बन्धित पदाधिकारीकहाँ पठाउनेछ ।"

(४) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः–

"(२क) उपदफा (१क) बमोजिमको लेखा परीक्षण प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित पञ्चायतले बढीमा तीन महीनाभित्र सम्बन्धित सभा बोलाई सो प्रतिवेदन पेश गरी छलफल गराउनु पर्नेछ ।"

५. मूल ऐनको अनुसूची–२ मा संशोधनः मूल ऐनको अनुसूची २ को,–

(१) खण्ड (ग) को उपखण्ड (५) मा रहेको "जिल्ला उद्योग अधिकृत" भन्ने शब्दहरूको पछाडि "वा घरेलु अधिकृत" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (ग) को उपखण्ड (५) पछि देहायको उपखण्ड (५क) थपिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।